# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


प.स.२०८२/०८३ मिति २०८२/१०/२६

च.न. १२८६

श्री सम्बन्धित विद्यालयहरु सबै
कालिका नगरपालिका ,
चितवन।

कालिका नगरपालिका नगर कार्यपालिकाको कार्यालय रेडक्रसग्राम, चितवन बागमती प्रदेश, नेपाल २०७३

**विषयः आधारभूत शिक्षा कक्षा ८ र ५ को बार्षिक परीक्षाका लागि आवेदन फारम भर्ने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यबस्थापन समितिको २०८२/१०/२६ गतेको निर्णानुसार कालिका नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालयहरुबाट शैक्षिक सत्र २०८२ सालमा आधारभूत तह स्तरीय बार्षिक परीक्षा (कक्षा ८ र ५ )मा सहभागी हुने विद्यार्थीहरुको आवेदन फारम तपसिल भरी भराइ बुझाउनुहुन अनुरोध छ।

**तपसिलः**

१. विद्यार्थीहरुको जन्मदर्ता अनुसार विवरण पछिसम्म फरक नपर्ने गरी विद्यालयको EMIS मा सबै विवरण अनिबार्य रुपमा अध्याबधिक गर्ने,

२. आवेदन फारम EMIS सफ्टवेयर प्रोफाइल खोली Manage Exam Tab मा गई Application Form मा click गरेर विद्यार्थीहरुको रुजु गरी एकप्रति print गर्ने विद्यालयको पोषाकमा हालसालै खिचिएको विद्यार्थीको फोटो टाँसी विद्यार्थी र अभिभाबकको हस्ताक्षर गरिसकेपछि प्रधानाध्यापकले प्रमाणित गर्ने र मिति २०८२/११/ ०५ गतेभित्र Alphabetical Order अनुसार फारम मिलाइ विद्यार्थीहरुको जन्म दर्ताको फोटो कपि र EMIS बाट कक्षा ७ र ४ उत्तीर्ण गरेको ग्रेडसिटको प्रतिलिपि सहितको फाइल तयार गरी शिक्षा युवा तथा खेलकुद शाखामा पेस गर्ने,

३. शिक्षा युवा तथा खेलकुद शाखाबाट विद्यार्थीको Symbol Number कायम गरिसकेपछि परीक्षाको प्रवेशपत्र print का लागि Manage Exam Tab मा गई Admit Card मा Click गरेर प्रत्येक विद्यार्थीको दुईप्रति प्रवेशपत्र Print गरी प्रधानाध्यापकले प्रमाणित गर्ने। प्रवेशपत्रमा विद्यार्थी हस्ताक्षर र प्रधानाध्यापकको हस्ताक्षर भएको आ- आफ्नो स्थानमा हस्ताक्षर गर्ने,

४. विद्यालयको पत्र सहित विद्यार्थीहरुको विवरण Alphabetical Order मा राखी सोही बमोजिम समष्टिगत फारम तयार गरी पेस गर्ने।

५. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० मा व्यबस्था भए बमोजिम मिति २०८२/११/१५ गतेभित्र विद्यार्थीको आन्तरिक मूल्याङ्कन गरी कार्यालयले उपलब्ध गराएको ढाँचामा प्रत्येक विषयको हाजिरीबाट -४ अंक प्रयोगात्मक परियोजना कार्यबाट- ३६ अंक र प्रथम त्रैमासिक तथा अर्धवार्षिक परीक्षाबाट -१० अङ्कको आधारमा Mark Entry गरी शाखामा बुझाउने साथै आफ्नो EMIS सफ्टवेयर प्रोफाइल खोली Manage Exam मा गई Mark Entry ( ८ र ५ ) Final मा जाने Year २०८२ Select गरी Load गर्ने र विषयगत रुपमा Subject लाई Select गरी Mark Entry (८ र ५ ) गरी Save गर्ने,

६. परीक्षा सम्बन्धी थप जानकारी पछि प्रकाशन गरिने छ। परीक्षा सम्बन्धी केही जिज्ञासा भएमा शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८२/१०/२६

देवराज चौलागाई

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा सूचना वेवसाइडमा प्रकाशन गरिदिनुहुन अनुरोध छ।